अन्तिम लेखापरीक्षण प्रतिवेदन

बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू.)

आर्थिक वर्ष २०७६/७७

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

Attested Copy

प्रदीपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: १४९

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
बौदीकाली गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: १४९ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
बौदीकाली गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु १ करोड १० लाख २४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१४ लाख ६१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३४ लाख २७ हजार नियमित गर्नुपर्ने रु. ५१ लाख ७६ हजार र पेस्की बाँकी रु. ९ लाख ६० हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ (उन्नाईस) यसैसाथ संलग्न छ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष प्राप्ती र भुक्तानीको अवस्था निम्न वमोजिम रहेकोछ।

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति / भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ति (क+ख)		३८९५७८०२५	३२४३३९९९८.५३		३२४३३९९९८.५३
क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३१३९८८०००	२५१०३८०८३.५३	०	२५१०३८०८३.५३
११००० कर	११	६२७३८०००	४१४१८०६८.९५	०	४१४१८०६८.९५
१३००० अनुदान		२३३२०००००	१९५६४२३५६.३४	०	१९५६४२३५६.३४
संघीय सरकार	१२	२११०६००००	१८३५०२३५६.३४	०	१८३५०२३५६.३४
प्रदेश सरकार	१२	२२१४००००	१२१४००००	०	१२१४००००
१४००० अन्य राजस्व		१८०५००००	१३९७७६५८.२४	०	१३९७७६५८.२४
ख.अन्य प्राप्ति		७५५९००२५	१२२४८८६४	०	१२२४८८६४
वितरण गर्न बांकि राजस्व		०	४५९३९२२		४५९३९२२
कोषहरु		१४४९५०२५	१२२४८८६४	०	१२२४८८६४
धरौटी		०	५२००००	०	५२००००
संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम		६४०९५०००	५५९३९३८२.६७	०	५५९३९३८२.६७
भुक्तानी (ग+घ)		३९४२८८०००	२२२४६२५३४.६७	९४६००	२८६८३३९८२.६०
ग.भुक्तानी (सञ्चित कोषबाट)		३२४२८८०००	२२२५५७१३४.६७	९४६००	२२२५५७१३४.६७
२१००० पारिश्रमिक/ सुविधा	१८	२९४५१०००	२६५९१३५८	०	२६५९१३५८
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१८४८४००००	१३२१६४८९६.६७	९४६००	१३२२५९४९६.६७
२५००० सहायता(Subsidy)	१८	१००००००	९००००	०	९००००
२६००० अनुदान	१८	०	०	०	०
२७०००सामाजिक सुरक्षा	१८	४४७५०००	४४७५०००	०	४४७५०००
२८००० अन्य खर्च	१८	२५५००००	२२९०३८९	०	२२९०३८९
३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च	१८	१०१९७२०००	५६८५०८९१	०	५६८५०८९१
घ.अन्य भुक्तानी		७५५९००२५	६४२७६८४८		६४२७६८४८
कोषहरु		११४९५०२५	८६८०१५५	०	८६८०१५५
धरौटी		०	८१७०००	०	८१७०००
संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम		६४०९५०००	५५९३९१२९	०	५५९३९१२९
कट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी			(११५९४३६		(११५९४३६
ङ.यो वर्षको बचत(न्युन)		(१०३०००००	३७६००६१५.८६	-९४६००	३७५०६०१५.८६
च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या)			१६७०१३६८.६३		१६७०१३६८.६३
वर्षान्तको बांकी रकम(ङ+च)		(१०३०००००	५४३०१९८४.४९	-९४६००	५४२०७३८४.४९
बैंक तथा नगद बांकी	२४		५४९८४८७४.४९		५४९८४८७४.४९

	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। गाउँपालिका अन्तर्गत ६ वटा वडा, ९१.९ वर्ग किलोमिटर क्षेत्रफल तथा १५७३४ जनसंख्या रहेको छ।	
१.	**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्। • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ मा निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत बर्षहरुमा भएका निर्माण कार्यहरुको लगत अद्यावधिक गरेको पाइएन। • पालिकाले आ.व. २०७५।७६ को म.ले.प प्रतिवेदन अनुसार रु १८९५७६५४।६० सार्नुपर्नेमा सोही बमोजिम जिम्मेवारी सारेकोमा म.ले.प.फा.न २७२ को वित्तीय प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने रकम रु.१६७०१३६८।६३ देखिएकोले सुत्रको वित्तीय प्रतिवेदनमा रु.२२५६२८५।९७ ले कम जिम्मेवारी सार्नुपर्ने देखाएकोले सो सम्वन्धमा पालिकाले यथार्थ विवरण पेश गर्नुपर्दछ। • पालिकाबाट प्राप्त प्रमाणित एकिकृत आ वि तथा बैंक खाताको मौज्दातको आधारमा यस आ व संचित कोष लगाएतका खाताबाट जिम्मेवारी सार्नुपर्ने रु ५४६५९९१७।४० छ भने सुत्रको वित्तिय प्रतिवेदनमा यो वर्षको बचत भनी रु.५४२०७३८४।४९ भएकोले फरक रु. ४५२५३२।९१ को सम्वन्धमा स्पष्ट हुन सकिएन। • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) ले देखाएको वित्तीय प्रतिवेदनले आर्थिक कारोबारको यर्थाथ चित्रण गरेको पाइएन । • उल्लिखित अवस्था एवं लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।	
२.	**संचित कोष खातामा बढी रकमः** गाउँपालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा संचित कोष खाताको बैंक मौज्दात रु.४९६६३९०६।४० देखाइएकोमा उक्त खातामा जम्मा रु.४९६६८२९६।९२ भएकोले बढी भएको रु.४३९०।५२ को सम्वन्धमा एकिन गरी आ. व ०७७।७८ मा जिम्मेवारी सारी हिसाव मिलान गरी सोको प्रमाण पेश गर्नुपर्ने रु॥	४३९१
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।	

	• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन। • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिए। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन। • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन। • दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो। • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन। • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।	

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत ५० कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा कारार समेत ४७ मात्र पदपूर्ती भई ३ रिक्त दरवन्दी रहेको देखिन्छ। धेरै पदमा करार सेवाबाट पदपूर्ति भएकोले स्थायी पदपूर्तिको लागि माग गरी सम्वन्धित निकायमा लेखी पठाउनु पर्ने देखियो।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कुनै पनि कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छैन।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन।
- सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची -७ को बुंदा न. ७ मा सामाजिक सुरक्षा विषेश बचत खाता संचालन गर्न बैंक तथा वित्तीय संस्थाले यस प्रकारका बचत खाताहरु मध्य निष्क्रिय (

	Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र अनुसूची ८ को बुंदा न.. १० मा बैंकले निष्क्रिय खातामा रहेको विवरण उल्लिखित अवधिमा सम्बन्धीत स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले कार्यविधिमा उल्लेख भएको व्यवस्थाको पालना गरेको पाइएन। कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ। • सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन। • सामाजिक सुरक्षा ऐन तथा नियमावलीमा सम्पूर्ण लाभग्राहीहरुलाई बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था भएकोमा यस आ व मा पालिकाले बैक मार्फत भत्ता वितरण गरेको पाइएन बैंकिङ प्रणालीबाट भत्ता वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो। • पालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा रु.२८ करोड ६७ लाख २८ हजारको बजेट २०७६।३।१० सभा समक्ष पेश गरेकोमा २०७६।३।३१ मा पारित भएको छ। बजेट पारित पश्चात एक हप्ताभित्र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेमा पारित भएकै दिन प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाइयो।
५.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। पेश गरेको विवरण अनुसार तेस्रो चौमासिकमा कूल पूजींगत खर्चको ७८.१३ प्रतिशत खर्च भएको देखियो तथा आषाढमा मात्र कुल पूजिगत खर्चको ७२.७१ प्रतिशत खर्च भएको पाइयो। यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा वढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। (रु.हजारमा)

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
समानीकरण पुंजीगत	५६८५०	४९००	७५२८	४४४२२	४१३३३
खर्चको प्रतिशत	१००	८.६२	१३.२५	७८.१३	७२.७१

६.	**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम,

	कर्तव्य र अधिकारको व्यवस्था छ। गाँउपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्मदर्ता ३०१, मृत्यु दर्ता १९० ,नाता प्रमाणित २६८, घरवाटो सिफारिस ३५०, नागरिकता सिफारिस ३७५, वसाईसराई ९४ तथा अन्य ४१० वटा दर्ता गरेको पाइयो। अन्यमा ४१० वटा देखाइएकोमा अन्य कुन -कुनमा हो भनी यकिन हुन सकेन। गाँउपालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	
७.	**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थितिको देहाय बमोजिम रहेको छ । (रु. हजारमा)	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१६७२७	१०८०९	४.८६
सामाजिक क्षेत्र	१६३३९८	१२६०५१	५६.६४
पूर्वाधार विकास क्षेत्र	८१५७६	३९३५१	१७.६८
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	५२८८४	३९११६	१७.५८
वित्तिय व्यवस्थापन तथा सुशासन	९७०३	७२३०	३.२४
जम्मा	३२४२८८	२२२५५७	१००

८.	**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। यसरी साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।	

सि न	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	१५	९५२५००
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१०३	१९८५९०००
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	१५	७७२३५००
४	दश लाख एक देखि ५० लाख सम्मा योजना	१०	१९००००००
५	५० लाख भन्दा माथिका योजनाहरु	१	१०००००००
	जम्मा	१४४	५७५३५०००

९.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.७१ लाख ८१ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.२४ करोड १६ लाख समेत रु. २४ करोड ८७ लाख ८१ हजार आम्दानी भएकोमा चालु तर्फ रु.१६ करोड ३४ लाख ३२ हजार र पूँजिगत तर्फ रु. ५ करोड ३२ लाख ८७ हजार समेत रु. २१ करोड ६७ लाख १९ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.३ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु .६७ लाख २४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९३.६४ प्रतिशत रहेको छ। पालिकाको आन्तरिक आयको ९३.६४ प्रतिशत पदाधिकारी सुविधामा खर्च भएकोले पालिकाले आन्तरिक आयलाई वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो। पालिकाको कुल खर्चमध्ये ७५.४० प्रतिशत चालु र २४.६० प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको तथा प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र	

राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१०. **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न शिर्षकको रकममध्ये आषाढ मान्तसम्ममा खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्नेमा फिर्ता गर्नुपर्ने भन्दा बढी रु १४९७०००।०० फिर्ता गरेको पाइयो।

११. **आन्तरिक आयतर्फः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको बारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको तथा कति नगदी रसिद वडामा गएका तथा र प्रयोग गरी बाँकी कति सो समेत एकिन नभए हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष आन्तरिक आयवापत रु. ७१ लाख ८१ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

११.१. **आन्तरिक आयको विश्लेषणः** पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणअनुसार पालिकाले यस वर्ष रु. ७१ लाख ८१ हजार आन्तरिक आम्दनी प्राप्त गरेको छ। पालिकको सुत्रको वित्तिय प्रतिवेदन अनुसुची ११ अनुसार पालिकाले यस वर्ष कर तथा गैरकर राजश्व समेतबाट आम्दानी रु. ८ करोड ०७ लाख ८८ हजार आय प्राप्त गर्ने अनुमान गरेता पनि उक्त प्रतिवेदनमा आय रु.५ करोड ५३ लाख ९६ हजार देखिएको छ भने पालिकाको एकिकृत वित्तिय विवरण र सुत्रको वित्तिय प्रतिवेदनमा कर तथा गैर समेत रु.५ करोड ३१ लाख ३९ भएकोले एकिकृत तथा सुत्रमा रु. २२ लाख ५७ हजार फरक परेको सम्वन्धमा एकिन गरी सोको विवरण पेश गर्नुपर्ने देखियो। पालिकामा प्राप्त सम्पुर्ण आम्दानी शिर्षकगत रुपमा सुत्रमा अद्यावधिक गर्ने तथा अभिलेखिकरण गर्नुपर्ने देखिन्छ।

११.२. **ठेक्का बन्दोवस्तः** पालिकाबाट आर्थिक बर्ष २०७६।७७ मा भएको आन्तरिक आयको ठेक्काको स्थितिलाई यस प्रकार उल्लेख गरिएको छ।

सि न	ठेक्का न	घाटको नाम	न्यूनतम मूल्यांकन रकम	फर्मको नाम	कबोल रकम	संकलित रकम
१.	०७६/७७ 01	जरेवर दोभान घाट	११४४१९२	रुची कन्ट्रक्सन चितवन	११५५०००	११५५०००
२.	०७६/७७ ०२	खसान घाट	१६१०३४८	सम्राट विल्डर्स बौदीकाली	१६१०५००	८०५२५०
३.	०७६/७७ ०३	खैरेनी घाट	१६५२७२४	योगेश्वर कन्ट्रक्सन काठमाण्डौं	१६६००००	१६६००००
		जम्मा	४४०७२६४		४४२५५००	३६२०२५०

११.३. **संझौता बमोजिमको उठ्न बाँकी रकमः** कालीगण्डकी नदीको खसान घाट खण्डको नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्न बौदीकली गाउँपालिका तथा सम्राट विल्डर्स एण्ड प्रा लि बीच आ.व ०७६।७७ मा भएको संझौतामा बमोजिम निज फर्मले ११४०० बर्ग मिटर मालसामान निकासी वापत मू.अ.कर बाहेक रु.१६१०५००।०० पालिकामा राजश्व बुझाउने गरी कवोल गरेको छ। उक्त रकम मध्ये ५० प्रतिशतले हुने रु.८०५२५०।०० संझौता संगै बुझाएको र बाँकी रकम रु ८०५२५०।०० २०७६ फागुन मसान्तभित्र बुझाउने संझौतामा उल्लेख छ। फर्मले बाँकी रकम लेखापरीक्षण अवधिसम्म पनि नबुझाएको रु. ८०५२५०।०० एंव संझौता रकम रु.१६१०५००।०० मू.अ.कर तथा अग्रिम कर समत रु.

	२३३५२२।०० तथा रु. ८०५२५०।०० को लेखापरीक्षण अवधि (२०७७ फागुन मसान्त) सम्मको वार्षिक १० प्रतिशत ब्याजदर हुने रु.८०५२५।०० समेत गरी जम्मा रु.१११९२९७।०० निज फर्मबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..	
११.४.	**राजस्व बाँडफाँडः** गण्डकी प्रदेश कर तथा गैरकर राजस्व संकलन सम्बन्धि निर्देशिका, २०७५ को दफा २३ को (२) मा स्थानीय तहले संकलन गर्ने विज्ञापन कर, मनोरञ्जन कर तथा दहत्तर बहत्तर शुल्कको रकम विभाज्य कोष खातामा जम्मा गर्नुपर्नेछ साथै दफा २३(४) मा स्थानीय तहले विभाज्य कोष खातामा जम्मा भएको रकम मध्ये ६० प्रतिशत स्थानीय तहको सञ्चित कोष र ४० प्रतिशत रकम प्रदेश सञ्चित कोष खातामा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले ढुङ्गा गिट्टी बालुवा विक्री तथा निकासी कर बापत संकलन गरेको रु.३२०३७६१।०० को ४० प्रतिशत रु.१२८१५०४।०० प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ।तर उक्त दफा संघिय आर्थिक ऐन,२०७५ द्वारा खारेज गरी दफा ६२ (क) थप गरेर स्थानीय तहहरुले गिट्टी,ढुंगा,वालुवा विक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानुनहरु संशोधन गर्नुपर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२ (क) विपरित हुने गरी संघीय मन्त्रीपरिषदले ढुंगा,गिट्टि,बालुवा उत्खन्न, विक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो। स्पष्ट कानूनी व्यवस्था गरी सो करको सकलन तथा बाँडफाँड गर्नुपर्दछ।	
११.५.	**मू.अ. कर रकम सम्वन्धित शिर्षकमा दाखिला नभएकोः** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को (३) मा आन्तरिक आयको ठेक्कामा कवोल अंकमा निर्माण व्यवसायीसंग मू.अ. कर समेत असूल गर्नुपर्ने एंव ठेक्काबाट प्राप्त मू.अ.कर रकमलाई राजश्व शिर्षक न: ३३३१४ मा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले आन्तरिक आयको ठेक्काबाट प्राप्त रु.३६२०२५०।०० को १३ प्रतिशतले हुने रु.४७०६३२।०० सम्वन्धित राजश्व शिर्षकमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु..	४७०६३२
	कोभिड-१९ तर्फः	
१२.	आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।	

आम्दनी स्रोत	रकम	खर्च शिर्षक	रकम
स्थानीय तहको आफ्नै स्रोतवाट	९३५५०००	राहत वितरण	१२१०४४०
संघीय कोभिड कोषवाट	४०५०२५	क्वारेन्टाइन होल्डिङ सेन्टर व्यवस्थापन	२०१८५३७
प्रदेश कोभिड कोषवाट	९०००००	जनशक्ति परिचालन	३३५९४२३
अन्य स्रोतवाट	१५८८८३९	औषधी तथा स्वास्थ्य सामाग्री खरिद	७५६९३६
		स्वास्थ्य पूर्वधार निर्माण	६५५६९
		आइसोलेशन केन्द्र निर्माण	७२५८००
		अन्य	५४३४५०
		बाँकी	३५६८७०९
	१२२४८८६४	जम्मा	१२२४८८६४

	अन्य शिर्षकमा रु. ५४३४५०।०० खर्च भएकोमा उक्त रकम कुन कुन शिर्षकमा भएको भनी खुलाएको पाइएन।सो सम्वन्धमा पालिकाले एकिन गर्नुपर्ने देखियो।	
१२.१.	**कोभिड-१९ मा प्रतिकार्य (स्वंमसेवक) मा भएको खर्चः** गाउँपालिकाले कोभिड १९ को समयमा कोभिडको	

रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि प्रत्येक वडाका वडाध्यक्षहरुको संयोजकत्वमा कोभिड १९ प्रतिकार्य वडास्तरीय समितिको गठन गरी प्रत्येक वडाका नाकाहरुमा प्रति वडा २० जनाका दरले उक्त समयमा रोजगारी गुमेका, गरिव, विपन्न ब्यक्तिहरु सम्मिलित स्वंमसेवक समूह गठन गरी ६ वटै वडाबाट निम्न नुसार उनीहरुलाई ४५ दिनको प्रतिदिन रु.५००।०० का दरले भुक्तानी भएको जम्मा रु.२७४५०००।०० खर्च भएकोमा यसरी भएको खर्चलाई नियम संमत मान्ने आधार नदेखिएको रु... २७४५०००

सि न	वडा न	स्वंमसेवक संख्या	जम्मा दिन	दर	जम्मा खर्च
१.	१.	२२	४५	५००	४९५०००
२.	२.	२०	४५	५००	४५००००
३.	३.	२०	४५	५००	४५००००
४.	४.	२०	४५	५००	४५००००
५.	५.	२०	४५	५००	४५००००
६.	६.	२०	४५	५००	४५००००
	जम्मा	**१२२**	**२७०**		**२७४५०००**

समानीकरण चालुः

१३. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष खाना तथा विविधमा रु.१८ लाख ६९ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१४. **अनुत्पादक तथा वितरणमुखी खर्चः** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.२ लाख ३० हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो भौ न र मिति	कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम	रकम
६६,२०७६.०७.२८	इलाका प्रहरी कार्यालय बौदीकाली	१००००
७२,२०७६.०८.२४	लगनशिल महिला बचत तथा श्रण सहकारी संस्था तीज कार्यक्रम	२०००००
३१९.२०७७.०३.२५	सिलडाँडा युवा क्लव	२००००
	जम्मा	२३००००

१५. **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।स्थानीय तहले कानून नबनाई यो वर्ष पालिकाका विभिन्न ४ श्रेणीका कर्मचारीहरुलाई क्रमशः मासिक रु १००००।०० देखि ४०००।०० सम्म थप सुविधा प्रदान गर्ने पालिकाबाट निणर्य गरी वार्षिक रु.१३ लाख ४३ हजार खर्च भएको छ।स्पष्ट कानून नवनाई प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.. १३४२५५३

१६. **बढी साइजको भुक्तानीः**४३।२०७६।०७।०३ गाउँपालिकाले विभिन्न मितिमा आन्तरिक आय तथा अन्य ठेक्काको राष्टिय नागरिक दैनिक पत्रिकामा बोलपत्र आह्वानको सूचना प्रकाशन गरेवापत Namaste creation and Advertising private limited Kathmandu लाई भुक्तानी दिएकोमा पत्रिकाको कोलमको वास्तविक संख्यामा १ थप गरी सोको क्षेत्रफल निकाली प्रति सी. सी. रु.१४००।०० का दरले भुक्तानी दिएको पाइयो।यसरी बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.. ६४५४६

लम्वाई से. मी.	हुनुपर्ने कोलम	भएको कोलम	फरक कोलम	फरक सी. सी.	दर	बढी भुक्तानी
३५	३	४	१	३५	१४००	४९०००
१३	३	४	१	१३	१४००	१८२००
					जम्मा	६७२००
					छुट १५ %	१००८०
					छुट पछिको रकम	५७१२०
					मू अ कर	७४२६
					खूद भुक्तानी बढी	६४५४६

१७.	**बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेवापतको भत्ताः** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकरी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ तथा गाउँसभा, नगरसभा एंव जिल्ला समन्यव समितिका पदाधिकारीहरुको सुविधा सम्वन्धी ऐन, २०७६ मा समेत पालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरेवापतको पारिश्रमिक नतोकिएकोमा पालिकाले आर्थिक वर्ष ०७७।७८ को नीति तथा कार्यक्रम प्रस्तुत गरेवापत गा पा उपाध्यक्षलाई रु.२६०००।०० भुक्तानी दिएको पाइयो। यसरी ऐन विपरीत भएको खर्चबाट पालिकालाई थप व्ययभार परेको रु..	२६०००
	स्थानीय पूर्बाधार विकास साझेदारी कार्यक्रम तर्फः	
१८.	**अनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था भएकोमा पालिकाले दोभान लिफ्टिङ्ग खानेपानी योजनाको लागि दोभान लिफ्टिङ्ग खानेपानी योजना लागि उपभोक्तासंग उक्त कार्यको लागि उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। योजनाको कूल मूल्यांकन रु. २४४९५७९।०० मा पालिकाले जम्मा रु. २१११२००।०० भुक्तानी दिनुपर्नेमा रु. २२११८००।०० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको असूल हुनुपर्ने रु..	१००६३५
	वित्तीय समानीकरण पूँजीगतः	
१९.	**उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।	
२०.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने	

उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर,एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ नगरपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ।

२१. **सम्झौता अनुसार कार्य सम्पन्न नभएको -** उपभोक्ता समितिसाग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्रसमपन्न हुने गरी गर्नुपर्दछ । पालिका र उपभोक्ता समिति बीच निम्नानुसार योजनामा सम्झौता अनुसार कार्य सम्पन्न नभएकोमा पालिलकाले प्रथम रनिङ् विल भनी जति काम भएको रकम पुरै भुक्तानी गरेको छ र उक्त कार्यहरुको म्याद थप गरेको छ ।उक्त बिलमा सम्झौता अनुसारको जनसहभागित अंश समेत कट्टा गरेको देखिएन ।सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै पलिकालाई थप व्ययभार समेत पर्न सक्ने हुनाले समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ साथै निम्न योजनाको अन्तिम बिल भुक्तानीमा सम्झौता अनुरुपको जनसहभागिता अंश समेत कट्टा भुक्तानी गर्नुपर्ने देखिन्छ।

आयोजनाको नाम	सम्झौता रकम	उपभोक्ताको योगदान	कार्य सम्पन्न रकम	भुक्तानी रकम
गाउँपालिका चक्रपथ निर्माण	२७९१४५३		११३१५०१	११३१५०१
कुवाकोट रुचाङ् बेलबास लिंङ्क रोड	२४०००००	४०००००	९९७७३३	९९७७३३
रकुवा वडा कार्यालय भवन निर्माण	१०६८८०३.५८	९८८०३.८५	५०१२०६.४०	५०१२०६.४०
डाडाँघर मचेढी बैदिखोला	२३४७८१९.१६	४०७८१९.१६	५४४२६७	५४४२६७
नगरडाँडा पोखरीछाप शेरा सडक	२१०२१७५.२२	१०२१७५.२२	७५६३०९	७५६३०९

२२. **अनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. ६८०२०

गोभौ नं.र मिति	उपभोक्ता समिति र काम	सम्झौता अनुसार लागत अनुमान	गा पा ले व्यहोर्ने (कन्टिन्जेन्सी बाहेक	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्ने %	घटी अनुपातिक कट्टी रकम
३०-२०७६/१०/७	रुचाङ्ग चारडाडाँडा रिठ्ठे बारी भञ्याङ् मोटर बाटो	७२००००	५८२०००	७०७८८२	१९.१७	९८१८
१३६-२०७७/३/२५	बन समूह निर्माण	७२००००	५८२०००	६७७८६२	१९.१७	१३४७६
१४१-२०७६/११/८	धौवादी ल्हापे माझडाँडा व्याक कटिङ् उ स	५८५९४९.३९	४८५०००	५४८१५२.१६	१७.२२	३१२३२
९८-२०७७/३/२४	केरमटार फेदी वेलखोल्सी ग्रावेल तथा नाली निर्माण	६०५०१५	४८५०००	५८८१३२.६५	१९.८३	१३४९४

	कुल जम्मा	६८०२०

२३.	**रितपूर्बकको कर बिजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले सम्राट विल्डर्श एण्ड सप्लायर्शलाई रु ३५७०८९।भुक्तानी गरेकोमा निर्माण व्यवसायीले जारी गरेको कर विजक न. हातले लेखेको देखिएकोले उक्त वील रकममा भुक्तानी भएको मु अ कर रु ४१०८१।सम्वन्धित आन्तरिक राश्वज कार्यालयबाट जारी भएको कर समायोजनको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.	४१०८१
२४.	**पाइप खरिदः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालमा रहेका र खरिद गरेर ल्याएका जिन्सी मालसमानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।उपनियम ३ मा प्राविधिक काममा ल्याइने जिन्सी मालसमानको हकमा प्राविधिक कर्मचारीबाट जँचाइ के कस्तो अवस्थामा प्राप्त भएको हो प्रमाणित गराइ लगत खडा गर्नु पर्ने व्यवस्था छ।पालिकाले खरिद गरेका निम्नानुसार पाइपको जिन्सी दाखिला गरेको छैन।यसरी पाइप विछ्याउने काम नगरी पाइप खरिद मात्र गरेको उपयुक्त देखिएन।पालिकाले निम्नानुसार पाइप जडान एवं विछ्याएको प्रमाण पेश गर्नु पर्ने रु	१५५९१९८

गो भौ न र मिति	विक्रेता	पाइपको विवरण	रकम
२८-२०७७/९/२८	सीता लक्ष्मी सप्लायर्श	HDPE 16 mm 10kg/ m^2 5000 Rm	९६४७६०
		HDPE 20 mm 10kg/ m^2 6000 Rm	
		HDPE 25 mm 10kg/ m^2 2000 Rm	
		HDPE 32 mm 10kg/ m^2 500 Rm	
		HDPE 32 mm 6kg/ m^2 300 Rm	
		HDPE 40 mm 10kg/ m^2 500 Rm	
		HDPE 40 mm 6kg/ m^2 300 Rm	
		HDPE 50 mm 10kg/ m^2 500 Rm	
		HDPE 50 mm 6kg/ m^2 295 Rm	
३७-२०७६/११/१८	राधाकृष्ण ह्युम पाइप इन्डस्ट्रिज	30 cm NP3 pipe 9 pcs	५९४४३८
		45 cm NP3 pipe 9 pcs	
		60cm NP3 pipe 10 pcs	
			१५५९१९८

२५.	**मू अ कर भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी दिँदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले एक्साभेटरले बाटो खन्ने कार्यको लागी उपभोक्ता समितलाई पालिकाबाट स्विकृत दररेटमा मु अ कर समावेश गरी लागत अनुमान तयार गरि सोही अनुरुप भुक्तानी गरेकोमा उपभोक्ताले पेश गरेको निम्न विजक नं हातले लेखेको र विजनक नं नै उल्लेख नगरेको देखिएकोले उक्त विजकमा भुक्तानी गरेको मु अ कर रु २७८५९०। सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर तिरेको कर समायोजन पत्र पेश हुनु पर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु	३३२५१०

योजनाको नाम	**निर्माण व्यवसायी**	**विजक न र मिति**	**मु अ कर रकम**	**कैफियत**
कुवाकोट झ्यालबास बाटो	ओम डेभलपर्स प्रा ली	००५, २०७६/७/२७	११५०५	विजक नं हातले लेखेको
		००२,२०७६.७.१५	५७५२५	विजक नं हातले लेखेको

डाडाँघर मचेढी बैदिखोला	ओम डेभलपर्स प्रा ली	२०७७.३.२०	७८०००	विजनक नं उल्लेख नगरेको
नगरडाडाँ पोखरीछाप शेरा सडक	ओम डेभलपर्स प्रा ली	२०७७.३.२९	१३१५६०	विजनक नं उल्लेख नगरेको
कुवाकोट रुचाङ् बेलबास	ओम डेभलपर्स प्रा ली	०१०,२०७७.१.२	५३९२०	
			३३२५१०	

२६. **ईटा बढी खरिदः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ ।निम्न योजनामा उपभोक्ता समितिले पेश गरेका केहि विल परिक्षण गर्दा कुनैमा निर्माण कार्यमा आवश्क भन्दा बढी इटा खरिद गरेको विल पेश गरेको देखिन्छ ।यसरी कार्यलयबाट भुक्तानी हुँदा मू अ कर सहित भुक्तानी गरेकोमा वास्तविक कार्य सम्पादनको लागि आवश्यक संख्या अनुसार विल पेश नगरेको देखिएकोले बढि खरिद गरेको ८०५९ वटा इटाको प्रयोगको प्रमाण पेश गर्नुपर्ने रु ८८६४९

योजनाको नाम	इटाको गारो घ मि	खरिद इटा संख्या	नापी अनुसार प्रयोग भएका इटा	बढि संख्या	दर	रकम
बेल भञ्याङ् मा वि	१०.५२	७२५०	५५७५	१६७५	११	१८४२५
मिथकरम वडा कार्यालय भवन	८.७१	११०००	४६१६	६३८४	११	७०२२४
				८०५९		८८६४९/-

२७. **मेशिनद्धारा कार्य गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा केहि योजना परीक्षण गर्दा मधुकोट देखी हर्वल जोड्ने बाटो निर्माण उपभोक्ता समितिलाई ड्रेन खन्ने कामको लागी मानिसको दर राखी प्रति घनमिटर रु ६०० का दरले ५९५२० भुक्तानी गरेकोमा उपभोक्ताले उक्त कार्य जे सि बी ले खनेको उल्लेख गरी रु १२००० को विल पेश गरेको र डोर हाजिर समेत पेश गरेको देखिएकोले बढि भुक्तानी भएको रु ४७५२०।सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु ४७५२०

शिक्षा तर्फः

२८. **पाठ्य पुस्तक अनुदानः** स्थानीय तहले सार्वजनिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थिको IEMIS मा प्रविष्टी तथ्याङ्कलाई प्रमाणित गरी यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयलाई अनुदान निकासा दिने।यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिई २०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यस्था शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६।७७ मा उल्लेख छ। पालिकाले यस कार्यक्रम कार्यान्वयन पुस्तीकामा भएको व्यवस्था प्रतिकुल हुने गरी गो.भौ.न. ६२।२०७७।३।७ मा ३४ विद्यालयलाई कूल विद्यार्थी संख्याको शतप्रतिशतले हुने रु १४७३८९६। निकासा दिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६|७७ ले गरेको व्यवस्था अनुसार सुरुमा ३४ विद्यालयलाई ७५ प्रतिशतले रु ११०५४२२। निकासा दिई थप नपुग हुने रकम पाठ्य पुस्तक किनेको विल एकिन गरेर मात्र निकासा दिए

	पुग्नेमा सुरुमै ३४ विद्यालयलाई १०० प्रतिशतले रु. १४७३८९६।निकासा दिएकोले रु ३६८४७४। फरक पर्न जाने देखिन्छ। यस सम्वन्धमा पालिकाले एकिन गर्नुपर्दछ।	
२९.	**गैरआवासीय छात्रवृतिः ६२।०७७।०३।७-** स्थानीय तह अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा IEMIS मा प्रविष्ट तथ्याकंलाई विद्यालयवाट प्रमाणित गराई कक्षा १-८ सम्मका छात्रा र कक्षा १-८ सम्मका दलित छात्रले प्रति विद्यार्थी रु ४०० का दरले र अंपागता भएका विद्यार्थीहरुले अंपागताको वर्गिकरण अनुसार छात्रवृत्ति पाउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं ७.२.१.१ मा उल्लेख छ।पालिकाले उपल्बध गराएको विवरण अनुसार कक्षा १ देखि ८ सम्म १०६३ जना छात्रा,१७५ जना दलित छात्र र अंपागता भएका विद्यार्थी संख्या ७ जना रहेकोमा पालिकाले छात्रवृति वापतको रकम १२३८ जनाको रु ४०० का दरले रु ४९५२०० र अंपागता भएका विद्यार्थीहरु ७ जनाको रु १००० का दरले कुल रु ५०२२०० निकासा हुनुपर्नेमा रु ५२५८०० निकासा भएको हुँदा उक्त वढी निकासा भएको रकम असुल गर्नुपर्ने रु	२३६००
३०.	**शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनः** स्थानीय तह अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा प्रति विद्यार्थी लागतका आधारमा बालविकासका लागि प्रति विद्यार्थी रु ५००, कक्षा १ मा नयाँ भर्ना भएकालाई प्रति विद्यार्थी रु १००,कक्षा १-५ सम्म रु १५० र कक्षा ६-१० सम्म प्रति विद्यार्थी रु २०० का दरले शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.१३.८ मा उल्लेख छ।पालिकावाट उपलब्ध Flash 1 report अनुसार सिद्धि प्रा.वि मा वालविकास तर्फ विद्यार्थी संख्या नरहेकोमा वालविकासका लागि रु १२५०० निकासा भएको र डेढगाउँ मा.वि को कक्षा १-५ सम्म जम्मा विद्यार्थी संख्या ६८ जना रहेकोमा ६८ जनाको रु १५० का दरले रु १०२०० र कक्षा ६-१० सम्म १८३ जनाको विद्यार्थीको रु २०० का दरले रु ३६६०० गरी कुल रु ४६८०० निकासा दिनुपर्नेमा रु ७४००० निकासा दिएको देखियो।दुवै विद्यालयको गरी रु ३७४०० वढी निकासा दिएको देखियो।अतःउक्त वढी निकासा दिएको रकम सम्वन्धित विद्यालयवाट असुल गर्नुपर्ने रु	३७४००
३१.	**शिर्षक फरक पारी खर्चः ६२।२०७७।३।७-** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले देहायअनुसार खर्च शिर्षक फरक पारी खर्च गरेकोले शिर्षक फरक पारी खर्च गरिएको रकम अनियमित देखिएको रु	१०६१९५१

क्र स	खर्चको व्यहोरा	खर्च गर्नुपर्ने शिर्षकको नाम	खर्च गरेको शिर्षकको नाम	खर्च रकम
१	तेस्रो चौमासिकमा आधारभुत तथा मा.वि.मा कार्यरत शिक्षकहरुको तलव भत्ता अपुग भएको भनी बालविकास तर्फको शिक्षक तथा कर्मचारीको तलव भत्ता शिर्षकवाट तलव भत्ता भुक्तानी	बालविकास र प्रा.वि तर्फको शिक्षक तथा कर्मचारीको तलव भत्ता	आ.वि तथा मा.वि तहका शिक्षकका तलव भुक्तानी	१०६१९५१

३२.	**सामाजिक आर्थिक लेखापरीक्षण अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय मध्ये आधारभुत तह (कक्षा १ देखि ५ , कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुको लागि प्रति विद्यालय रु १० हजारका दरले र माध्यामिक तह (कक्षा १ देखि १० ,कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु १५ हजारका दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप संचालन गर्नको लागि एकमुष्ट अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७को क्रियाकलाप न.२.१५.११.७९८ उल्लेख छ।पालिकाले यस वर्ष तपसिलका १२ विद्यालयलाई सामजिक तथा आर्थिक लेखापरीक्षण गर्ने कार्यका लागि रु १३५०००।अनुदान निकासा दिएकोमा विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पालिकामा उपलब्ध गराएका छैनन्।प्रत्येक वर्ष सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्यको लागि निकासा दिने लिने तर विद्यालयहरुले परीक्षण गराई पारदर्शता र जवाफदेहिती मुल्यांकन नगर्ने प्रचलनले	

	विद्यालयको आर्थिक अनुशासन कायम नहुने अवस्था रहेको छ।अत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै १२ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पेश गर्नुपर्ने रु	१३५०००

सि न	विद्यालयको नाम	सा.तथा आ.ले.प.अनुदान
१	दुर्गा प्रा.वि	१००००
२	नेपाल प्रा.वि	१००००
३	बालकल्याण प्रा.वि	१००००
४	जनता प्रा.वि	१००००
५	सिद्धी प्रा.वि	१००००
६	महेन्द्र ज्योती प्रा.वि	१००००
७	लक्ष्मी नि.मा.वि	१००००
८	सर्वप्रिय नि.मा.वि	१००००
९	उदय आ.वि	१००००
१०	नगरडांडा मा.वि.	१५०००
११	नगरडांडा मा.वि.	१५०००
१२	डेढगाउ उ.मा.वि.	१५०००
	जम्मा	१३५०००

३३.	**विद्यालय सुधार योजना अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुहिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागी प्रति विद्यालय रु १५ हजार तथा माध्यामिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु २० हजारका दरले विद्यालय सुधार योजना सञ्चालन कार्यका लागि एकमुष्ठ अनुदान निकासा दिने र यस प्रकारको अनुदान रकम विद्यालय सुधार योजना सहयोगि पुस्तिका,२०७५ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गरेको विद्यालय हरुलाई मात्र उपलब्ध गराउने व्वस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ०७६।७७ को क्रियाकलाप न २.१५.११.७९८ मा उल्लेख छ। यस वर्ष पालिकाले तपसिलका १९ विद्यालयलाई विद्यालय सुधार योजना कार्यका लागि रु ३०५०००।अनुदान उपलब्ध गराएकोमा विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको विवरण पालिकाले पेश गरेको छैन।विद्यालयहरुले यस क्रियाकलाप अन्तर्गत अनुदान प्राप्त गर्नु पर्व सुधार योजना नर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्ने र सो नगरेको विद्यालयलाई अनुदान निकासा दिन मिल्ने देखिदैन।यस प्रकारको अनुदान प्राप्त गरेको विद्यालयबाट विद्यालय सुधार योजना निर्माण सहयोगि पुस्तिका बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्दछ।	३०५०००

क्र.स.	**विद्यालयको नाम**	**वि सु यो अनुदान रकम**
१	सिद्ध प्रा.वि	१५०००
२	दुर्गा प्रा.वि	१५०००
३	नेपाल प्रा.वि	१५०००
४	बालकल्याण प्रा.वि	१५०००
५	जनता प्रा.वि	१५०००
६	कालिगण्डकी प्रा.वि	१५०००
७	उदय प्रा.वि	१५०००
८	चण्डीदेउराली प्रा.वि	१५०००
९	लोकप्रिय प्रा.वि	१५०००
१०	बालकल्याण नि.मा.वि	१५०००
११	सिद्धिविद्याश्रम नि.मा.वि	१५०००
१२	जनता नि.मा.वि	१५०००
१३	लक्ष्मी नि.मा.वि	१५०००
१४	सर्वप्रिय नि.मा.वि	१५०००

१५	उत्तमवालहित प्रा.वि.	१५०००
१६	धर्मात्मा मा.वि	२००००
१७	बेलभन्ज्याङ्ग मा.वि	२००००
१८	नगरडांडा मा.वि.नरम	२००००
१९	नगरडांडा मा.वि	२००००
	जम्मा	३०५०००

३४. **विद्यार्थी शिक्षक अनुपातः** पालिकावाट प्राप्त विवरण अनुसार पालिकामा सञ्चालनमा रहेका ३४ विद्यालयहरुको शिक्षक पदपुर्ती तथा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

सि.न	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	करार	विद्यार्थिसं ख्या
१.	दिपज्योती प्रा.वि	०	०	०	८
२.	जनज्योती प्रा.वि	२	०	२	१४
३.	सिद्धि प्रा.वि	२	०	२	२३
४.	दुर्गा प्रा.वि	२	०	२	३८
५.	नेपाल प्रा.वि	०	०	०	१८
६.	बालकल्याण प्रा.वि	३	१	२	३७
७.	पञ्चकन्या प्रा.वि	१	०	१	४१
८.	जनता प्रा.वि कोटथर	४	३	१	५३
९.	कालिगण्डकी प्रा.वि	३	३	०	८१
१०.	कृष्णा गण्डकी प्रा.वि	२	१	१	२३
११.	सिद्ध प्रा.वि	३	१	२	५८
१२.	उदय प्रा.वि	३	३	०	७२
१३.	चण्डि देउराली प्रा.वि	३	३	०	३९
१४.	बालहित जनजागृति प्रा.वि	२	१	१	३२
१५.	रुपिकन्या प्रा.वि	२	०	२	२३
१६.	महाभारत प्रा.वि	२	२	०	२७
१७.	महेन्द्र ज्योति प्रा.वि	४	२	२	६०
१८.	लोकप्रिय प्रा.वि	३	१	२	३३
१९.	बालकल्याण नि.मा.वि	६	३	३	२०७
२०.	सिद्धिविद्याश्रम नि.मा.वि	४	३	१	३३
२१.	शारदा नि.मा.वि	६	४	२	१७६
२२.	जनता नि.मा.वि	३	३	०	१७६
२३.	लक्ष्मी नि.मा.वि	३	१	२	७८
२४.	लोकप्रिय नि.मा.वि	५	३	२	४६
२५.	सर्वप्रिय नि.मा.वि	४	२	२	९५
२६.	उत्तम बालहित नि.मा.वि	३	२	१	१७२
२७.	उदय नि.मा.वि	५	३	२	७५
२८.	धर्मात्मा मा.वि	१२	६	६	८४
२९.	वेल भञ्याङ्ग मा.वि	१४	७	७	३१५
३०.	नगरडांडा मा.वि.	८	४	४	२४१
३१.	नगरडांडा मा.वि	१२	६	६	२८७
३२.	डेडगाऊ मा.वि	१५	१०	५	१६३
३३.	डेडगाऊ मा.वि. कृषी	८	०	८	३२४
जम्मा		१४९	७८	७१	३१५२

सि नं १ दिपज्योती प्रा.वि र सि.नं ७ नेपाल प्रा.वि.मा विद्यार्थी संख्या क्रमश ८ र १८ रहेकोमा शिक्षक दरवन्दी तथा पदपुर्ती देखिएन। विद्यालयमा एकजना पनि शिक्षक नहुनुले यसको वास्तविकता एकिन हुन

सकेन।

३५. **धरौटी तर्फः** आन्तरिक राजश्व विभागको २०६९|०६|१० को पत्रमा अग्रीम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धीकर सम्वन्धित निर्माण व्यवसायिले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट यकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। धरौटी खाताको विवरण हेर्दा तल उल्लेख गरिएका निर्माण व्यवसायिले मु.अ.कर समायोजनको पत्र समावेश नगरी धरौटी रकम फिर्ता लिएको पाइयो। उक्त रकमको मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु ४९१०००

गो.भौ.न,मिति	निर्माण व्यवसायी	रकम
२.२०७७.२.६	शिव निर्माण व्यवसायी	३२७५००
२.२०७७.२.६	सम्राट विल्डर्स एण्ड सप्लायर्स प्रा.लि	५००००
३.२०७७.२.६	रोयल ब्रदर्श कन्स्ट्रक्सन	७३०००
९.२०७७.३.२८	सिता लक्ष्मी ऐन्टरप्राईजेज	२५०००
९.२०७७.३.२८	सम्राट विल्डर्स	१५५००
जम्मा		४९१०००

३६. **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। गाउँपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सडक मर्मत स्तरोन्नती, सिचाई कुलो मर्मत, खानेपानी संरचना, श्रमिक ज्याला तथा विभिन्न निर्माण समाग्री लगायतका क्रियाकलापहरुमा रु.१० लाख ७८ हजार खर्च भएको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन। कार्याक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन। आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकात वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ।

३७. **श्रमिकको ज्यालाः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ मा निर्वाह भत्ता बापतको रकम सम्बन्धित व्यक्तिको बैकं खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा श्रमिकहरुकको पारिश्रमिक वापतको रकम रु १०७८४६२।०० पालिकाले वडा अध्यक्षहरुको खातामा राखी वडाअध्यक्ष मार्फत भुक्तानी गरको देखिन्छ । पालिकाले यस्ता रकमको भुक्तानी दिँदा सिधै सम्बन्धित व्यक्तिको बैकं खातामा जम्मा गर्नुपर्दछ ।

स्वास्थ्य तर्फः

३८. **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख

	रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर विभिन्न मितिमा विभिन्न सप्लायर्सवाट औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको	
	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको	
	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
	औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३९.	**पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु..	९६०३४९

गो भौ नं मिति	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति/फर्म/कम्पनी	रकम
१४,२०७६.०९.२३	विभिन्न पुलको निर्माण कार्य	भीरकोटोपी झो पु निर्माण उपभोक्त समिति	६२४०००
१७,२०७६.०९.२७	विभिन्न पुलको निर्माण कार्य	रकवाखोला ट्रस पुल निर्माण उ सिमिति	३३६३४९
		जम्मा	९६०३४९

	पालिकाको वित्तिय प्रतिवेदन म. ले. फा. न. २७२ को अनुसूची २१ मा म्याद ननाघेको पेश्की रु. ५७२५२००।०० देखिएकामा पालिकाबाट प्रमाणित म ले प फा न २११ मा सो रकम नभएकोले उक्त पेश्की रकमबारे एकिन हुन नसकिएकोले सो सम्वन्धमा पालिकाले स्पष्ट पार्नुपर्ने देखियो।	

अनुसु च १

पा लकाको सं चतकोषको ववरण

२०७६।०७७

प्रदेश: गण्डकी (रु हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय					जम्मा आय					मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	बौदिकाली गाउँपालिका	नवलपरासी (बसुपू)	२९४१२	१९५६४२	४०१४२	७१८१	८१३७५	३२४३४०	१६३४३२	५३२८७	८७३६५	३०४०८४	४९६६८

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

२०७६।७७

(रु हजारमा)

सि नं	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			वाँकी वेरुजु			वाँकी वेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैद्धान्तिक	लगती			अनिय मत भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां न लएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	नवलपरासी (बसुपू)	बौदिकाली गाउँपालिका	२४	२२	११०२४	०	०	०	२४	२२	११०२४	१४६१	५१७६	३४२७	०	०	८६०३		९६०	९६०

अनुसुची ३

अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

क स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	बौदिकाली गाउँपालिका	नवलपरासी (बसुपू)	१३००३	३५११	९४९२	०	११०२४	२०५१६